"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास र समृद्धिसहितको सुदृढीकृत ढोरपाटन"

# ढोरपाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बुर्तिबाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१

चलानी नं.:- २०६५

मितिः २०८१।०३।२५

विषयः- जानकारी सम्बन्धमा।

सम्पूर्ण सरोकारवालाहरु,

ढोरपाटन नगरपालिका।

प्रस्तुत विषयमा यस **ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०३।०६ गतेको निर्णयानुसार** ढोरपाटन नगरपालिका वडा नं. ९ भित्र तपसिलमा उल्लिखित स्थानमा देहायका कार्य गर्न प्रतिवन्ध गरिएको बेहोरा जानकारी गराइन्छ।

तपसिलः-

१. ढोरपाटन नगरपालिका वडा नं. ९, देउराली गेटदेखि ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्र ढोरपाटन उपत्यकाभित्र फोहोर व्यवस्थापनमा समस्या देखिएकाले मिति २०८१।०४।०१ गतेदेखि सिसाको बोतलमा प्याकिङ मदिराजन्य पेय पदार्थहरू जस्तै, वियर, खुकुरी रम, वाइन आदि ओसारपसार गर्न र विक्री वितरण गर्न अर्को निर्णय नभएसम्मका लागि पूर्णरुपमा प्रतिबन्ध गरिएको छ।

२. ढोरपाटन नगरपालिका वडा नं. ९ मा वर्षादको समयमा ट्याक्टर, ट्रक, ट्रिपर जस्ता मालवाहक ढुवानीका साधन आवातजावत गर्दा पर्यटकीय क्षेत्र ढोरपाटन जाने बाटो भत्किई, बिग्रिई सवारी आवागमन अवरुद्ध हुने हुँदा दुने पधैँरादेखि ढोरपाटन उपत्यकासम्म श्रावण १ गतेदेखि भदौ ३१ गतेसम्म मालवाहक ट्याक्टर, ट्रक, ट्रिपर आदिबाट ढुवानी गर्न प्रतिबन्ध गरिएको छ।

२०८१।०३।२५

(विष्णु प्रसाद ज्ञवाली)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

श्री ढोरपाटन शिकार आरक्ष कार्यालय, ढो.न.पा.-९, बागलुङ – आवश्यक सहजीकरण गरिदिनुहुन।

श्री इलाका प्रशासन कार्यालय, बुर्तिबाङ, बागलुङः- आवश्यक सहजीकरण गरिदिनुहुन।

श्री इलाका प्रहरी कार्यालय, बुर्तिबाङ, बागलुङः-आवश्यक सहजीकरण गरिदिनुहुन।

श्री वडा कार्यालय सवै, ढोरपाटन नगरपालिका:- आवश्यक सहजीकरण गरिदिनुहुन।

श्री ढोरपाटन उद्योग वाणिज्य संघ, बुर्तिबाङः- आवश्यक सहजीकरण गरिदिनुहुन।